## अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाका पूर्व कर्मचारी समाजको ( FIPMO) वक्तव्य

अन्तर्राष्ट्रिय संस्थाहरुमा कार्य अनुभव प्राप्त गरेका नेपालीहरुको समाज ( **FIPMO),** २०८२ भाद्र २७ गते अन्तरिम सरकारका प्रधानमन्त्रीको हैसियतमा पदभार ग्रहण गर्नु भएका नेपालकी प्रथम महिला प्रधानमन्त्री सम्माननीय सुशीला कार्कीलाई  हार्दिक वधाई ज्ञापन गर्दछ । यही भाद्र २३ र २४ गते भ्रष्टाचार, सार्वजनिक स्रोतको दुरुपयोग र मुलुको दुर्व्यवस्थाविरुद्ध आवाज उठाउँदै नव पुस्ता (जेन–जी) को अगुवाईमा भएको वृहद प्रदर्शनको परिणामस्वरुप विशेष परिस्थितिमा यो नयाँ सरकार गठन भएको छ ।

सो प्रदर्शनमा ७० जना भन्दा वढि विद्यार्थी, युवा र सर्वसाधारणको मृत्यु भएको साथै १३०० भन्दा वढि घाइते भएका र ठूलो जनधनको क्षति भएको जानकारी आएको छ । यस घडीमा हामी मृत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना साथै घाइते सबैको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गर्दछौं ।

हामी अन्तरिम सरकारका नव नियुक्त प्रधानमन्त्रीलाई आगामी ६ महिना भित्रै निर्वाचन सम्पन्न गर्ने जिम्मेवारीको  सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं । साथै, तत्कालिन सरकारद्वारा गरिएको अत्यधिक बल प्रयोगका घट्नाहरु, जसले गर्दा जन धनको अत्यधिक क्षति भयो सोको निश्पक्ष छानविन तथा अनुसन्धान गर्न र न्याय दिलाउन हामी जोडदार माग गर्दछौं । आन्दोलनका क्रममा सार्वजनिक तथा नीजि सम्पत्ति नष्ट गर्ने, तोडफोड तथा आगजनीका घट्नामा संलग्नलाई कानुनी दायरामा ल्याई कारवाही गर्न र भ्रष्ट राजनीतिज्ञ तथा पदाधिकारीहरुमाथि कानूनी कारवाही आरम्भ गर्न आग्रह गर्दछौं । जसले सुशासनको आधार स्थापित गर्नेछ ।

विभिन्न विषयहरुमा अन्तर्राष्ट्रिय अनुभव हासिल गरेका नेपाली विज्ञहरुको यो संस्था (FIPMO) आवश्यकता परेमा स्वयम् सेवककोरुपमा सेवा गर्न समेत तयार रेहेको जानकारी गराउँदछौं ।

२०८२ । ५ ।२९

भाइराजा पाण्डे

अध्यक्ष